मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२६ Purwanchal National Daily

◆ वर्ष : २६ ◆ अङ्क : ९ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ मंसीर ११ गते बिहीवार (Thursday, November 26. 2020) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु : ४/-

हरिबोधिनी एकादशी र तुलसी विवाहः पृष्ठ २



झापा २मा विकास निर्माणको कामले गति लिँदै

# बिर्तामोडमा हात्ती नियन्त्रण गर्न ५० लाख

**बिर्तामोड, मंसीर १०।** झापाको निर्वाचन क्षेत्र नम्वर २मा विकास निर्माणका कामले गति लिएको छ । स्थानीय तहदेखि प्रदेश र संघीय सरकारद्वारा सञ्चालित विकास निर्माणका कामले गति लिएको हो । यद्यपि केही ठूला विकास निर्माणका आयोजना भने कोभिड-१९को बढ्दो संक्रमणका कारण प्रभावित बनेपनि पछिल्लो समय सुचारु भएका छन् ।

प्रतिनिधिसभा सदस्य तथा अन्तर्राष्ट्रिय समन्वय समिति सभापति पवित्रा निरौला खरेलको पहलमा सञ्चालित आर्थिक वर्ष २०७७/०७८का लागि विभिन्न योजना सञ्चालन गर्न ३० करोड ५९ लाखभन्दा वढी रकम विनियोजन भएको छ । विनियोजित रकममध्ये केहीको काम शुरु भएको छ भने केही निर्माणका चरणमा छन् । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमार्फत स्थानीय सडक पुल निर्माणका लागि ५ योजना छनौटमा परेका छन् भने रणनीतिक सडक पुलहरुको विस्तृत सम्भाव्यता अध्ययनका लागि ३ योजना छनौटमा परेका छन् ।

छनौटमा परेका तीन योजनामा स्टाफ चौक जोड्ने हिले खोला पुल, अर्जुनधारा-११ रहेको छ । जसका लागि ७४ लाख ५० हजार रुपैयाँ बजेट विनियोजन भएको छ । त्यस्तै हडिया खोला पुल निर्माणका लागि ७४ लाख ५० हजार रुपैयाँ वजेट विनियोजन भएको छ । विनियोजित वजेटले साविक वुधवारे-९मा पुल निर्माण गरिने भएको छ ।

यसैगरी विरीङ खोलाको पुल निर्माणका लागि २ करोड रुपैयाँ बजेट छुट्टिएको छ । यो वुधवार-दानावारी सडकका लागि हो । त्यस्तै टाङटिङ खोला कज्वे, दानावारी शिविर जाने बाटोका लागि ७ लाख रुपैयाँ र विरीङ नदी पक्की पुल, चम्पापुर घैलाडुब्बा जाने सडकका लागि १३ लाख ८० हजार रुपैयाँ बजेट विनियोजन भएको छ ।

यता रणनीतिक सडक पुल निर्माण तथा पुल पुलेसा संरक्षणमा पूर्वपश्चिम राजमार्गको अन्धुवा खोलाको पुल परेको छ । जसका लागि ५० लाख रुपैयाँ बजेट विनियोजन भएको छ ।

त्यस्तै राजमार्गको स्तरोन्नति तथा पुनर्स्थापना कार्यक्रमका लागि २२ करोड रुपैयाँ विनियोजन भएको छ । बिर्तामोड-चन्द्रगढी-भद्रपुर सडक निर्माण गर्ने झापा क्षेत्र नम्वर २ बाट निर्वाचित सांसद पवित्रा निरौला खरेलले बताइन् ।

त्यस्तै तराई मधेश सडक पूर्वाधार विशेष कार्यक्रममा ११ वटा योजना समेटिएका छन् । ११ वटा योजनामा बिर्तामोड-सैनिक बजार-सैनिक चौक-गोलधाप-राजगढ भारत सीमा सडक निर्माणका लागि ४० लाख, झापा चौक भद्रपुर- बिर्तामोड सडक र बिर्तामोड-सैनिक बजार सैनिक चौक-गोलधाप-राजगढ भारत सीमा सडक निर्माणका लागि ४० लाख रुपैयाँ बजेट विनियोजन भएको छ ।

यसैगरी लक्ष्मीपुर घैलाडुव्वा घेरावारी सीमा सडक निर्माणका लागि ४० लाख, बिर्तावजारबाट मियावारी हुँदै वुट्टावारी जाने सडकका लागि ४० लाख रुपैयाँ वजेट विनियोजन भएको छ । यसैगरी गरामनी-गोलधाप भुटानी शरणार्थी शिविर पुहातुवाडी- चारआली सडक निर्माणका लागि ४० लाख रुपैयाँ छुट्टिएको छ ।

यता बिर्तामोड, शनिश्चरे-वुधवारे, सडकका लागि पनि ४० लाख रुपैयाँ छुट्टिएको छ । अर्जुनधारा नगरपालिकाको साविक गरुवा चौकबाट इलाम लक्ष्मीपुर भालुखोप जोड्ने सडकका लागि पनि ४० लाख , जयपुर चौकवाट शहीद रामपथ शालिक दक्षिण हडिया पुलचौक सडक ४० लाख, बिर्तामोडबाट मियावारी वुट्टावारी भद्रपुर हुँदै भारत सीमा सडक निर्माणका लागि ४० लाख, बिर्तामोडको मुक्ति चौकवाट शनिश्चरे जयपुर वुधवारे सडकका लागि ४० लाखको लागतमा विकास निर्माणका काम सञ्चालित छन् । त्यस्तै खोपवाडीवाट बाह्रघरे स्कूल डाँडा देउनीय चौक सेन्टजेभिर्यस किसानभिट्टा

*(बाँकी अन्तिम पृष्ठमा)*

# झापामा मर्नेको संख्या १०० नाघ्यो

**भद्रपुर, मंसीर १०।** झापामा कोरोना भाइरसको सङ्क्रमणबाट मर्नेको संख्या एक सय चार पुगेको छ ।

भद्रपुर-७ बस्ने ६५ बर्षीया अन्नमाया कार्कीको मृत्यु भएसँगै जिल्लामा सङ्क्रमणबाट मर्नेको संख्या एक सय चार पुगेको हो । मंगलवारसम्म जिल्लामा १०३ जनाको सङ्क्रमणबाट मृत्यु भइसकेको स्वास्थ्य कार्यालय झापाले जनाएको छ ।

भद्रपुरमा सङ्क्रमणबाट मृत्यु भएकी महिला कार्कीलाई मंसीर ३ गते संक्रमण पुष्टि भएको थियो । दीर्घरोग लागेकी ती महिलामा संक्रमण पुष्टि भएपछि होम आइसोलेसनमा बस्दै आएकी थिइन् । मंगलवार राति उनको घरमै मृत्यु भएको हो । उनको शवलाई नेपाली सेनाद्वारा राति नै कनकाई माईमा दाहसंस्कार गरिएको नगरपालिकाका स्वास्थ्य शाखाका फोकल पर्सन मनोज भट्टराईले जानकारी दिए ।

त्यस्तै भद्रपुरमा बुधवार अहिलेसम्मकै धेरै संक्रमित थपिएका छन् । होम आइसोलेसनमा बस्दै आएका ९ जनामा पुनः कोरोना पोजेटिभ देखिएसँगै २३ जना संक्रमित थपिएको शाखाका फोकल पर्सन भट्टराईले बताए । थपिएका सबै स्थानीय हुन् ।

भद्रपुरमा मात्र कोरोनाबाट मृत्यु हुनेको संख्या ११ पुगेको छ । त्यस्तै जिल्लाको मेचीनगरमा दुई महिलासहित ८ जना, बिर्तामोडमा दुई महिलासहित १० जना, कनकाईमा एक महिलासहित सात जना, अर्जुनधारामा दुई महिलासहित ६ जना, दमकमा नौ महिलासहित ३१ जना, गौरादहमा दुई महिलासहित १३ जनाको सङ्क्रमणबाट मृत्यु भएको छ ।

त्यस्तै शिवसताक्षीमा एक

*(बाँकी अन्तिम पृष्ठमा)*

## ठगीको आरोपमा नेपाल इञ्जिनियरिङ कलेजका तत्कालीन अध्यक्ष न्यौपाने पक्राउ

**झापा, मंसीर १०।** नेपाल इञ्जिनियरिङ कलेजका तत्कालीन अध्यक्ष लम्बोदर न्यौपाने पक्राउ परेका छन् । उनलाई केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी)ले पक्राउ गरेको हो ।

कलेजको अध्यक्ष रहँदा ३ करोड ७१ लाख रुपैयाँ ठगी गरेको आरोपमा उनलाई पक्राउ गरिएको सीआईबीका प्रमुख प्रहरी नायव महानिरीक्षक (डीआईजी) सहकुल थापाले जानकारी दिए ।

न्यौपाने विक्रम सम्वत् २०५६ असार १८ गतेदेखि २०५७ मंसीर ७ गते पहिलो कार्यकाल र २०७० मंसीरदेखि २०७५ असोज १५ गतेसम्म दोस्रो कार्यकाल अध्यक्ष हुँदा ठगी गरेको भन्दै उनीविरुद्ध नेपाल इञ्जिनियरिङ कलेजले प्रहरीमा उजुरी दिएको थियो । उनी अध्यक्ष हुँदा २३ करोड १० लाख रुपैयाँ कलेजको बेरुजु भएको देखिएको छ ।

## मूर्ति चोरेको आरोपमा मनाङ्गेकी श्रीमती पक्राउ

**मकवानपुर, मंसीर १०।** गण्डकी प्रदेशसभाका सांसद दीपक मनाङे भनिने राजीव गुरुङकी श्रीमती दिक्छेन डोल्मा लामा हेटौंडाबाट पक्राउ परेकी छन् । चोरी मुद्दामा उनलाई जिल्ला प्रहरी कार्यालय मकवानपुरले पक्राउ गरेको हो ।

जिल्ला अदालत कास्कीले बहुमूल्य धातुको मूर्ति चोरी गरेको

*(बाँकी अन्तिम पृष्ठमा)*




## सूचना

**२०७५ साल भदौ १ गतेदेखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरुः**

- छाउपडीमा राख्ने वा त्यस्तो अन्य भेदभाव, छूवाछुत र अमानवीय व्यवहार गर्नेलाई तीन महिनासम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिवाना वा दुबै सजाय हुने ।
- विवाहमा लेनदेन गर्ने तथा दाइजो नदिएको कारण सताउनेलाई पाँच बर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना वा दुबै सजाय हुने ।
- आफ्नो संरक्षकत्वमा रहेका नवजात शिशु, बालबालिका, अशक्त रोगी वा बृद्ध व्यक्तिलाई फाल्ने, परित्याग गर्ने वा वेवास्ता गरी छोड्नेलाई तीन बर्षसम्ममा कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुने ।
- मञ्जुरी बिना भएको विवाह, हाडनातामा भएको विवाह, बाल विवाह, बहुविवाह स्वतः बदर हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

## दक्ष मिस्त्री तथा सेल्स मेन चाहियो

VR मोटरसाइकल शोरुम बिर्तामोडको लागि निम्न अनुसारका कर्मचारी आवश्यक परेकोले इच्छुकले तु-सम्पर्क गर्नुहोला ।

**पद : दक्ष मिस्त्री ३ जना (मोटरसाइकल राम्रोसँग बनाउन सक्ने)**
**सेल्स मेन : २ जना**
**मोटरसाइकलको पाट्र्स सम्बन्धी ज्ञान भएकोलाई विशेष प्राथमिकता ।**
**तलब : आपसी समझदारीमा**

**सम्पर्कः ९८५२६७८९२८, ०२३-५४१४२५**

## भर्ना खुल्यो ! भर्ना खुल्यो !!

CTEVT बाट सम्बन्धन प्राप्त यस (TECS) विद्यालयमा डिप्लोमा तहको हाईड्रोपावर इञ्जिनियरीङ (Diploma in Hydropower Engineering)मा अध्ययन गर्न ईच्छुक विद्यार्थीहरुलाई भर्नाको लागि यो सूचना प्रकाशित गरिएको छ ।

- **शैक्षिक योग्यता :** SLC/TSLC उत्तीर्ण वा SEE मा गणित र विज्ञान विषयमा न्यूनतम C ग्रेड प्राप्त
- **फारम बुझाउने मिति :** २०७७ मंसीर ०५ शुक्रबारदेखि २०७७ मंसीर १५ गते सोमबार सम्म
- **फारम शुल्क :** रु. ८००/- मात्र
- **आवश्यक कागजात :** शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि र MRP (35x45 mm) साइजको फोटो २ प्रति
- **फारम बुझाउने स्थान :** मोहनमाया माध्यमिक विद्यालय, विर्तामोड-२ , रामचौक, झापा

थप जानकारीका लागि :- **मोहनमाया माध्यमिक विद्यालय**
०२३-५४३६५२, ९८४२७०४७३४, ९८४२६८४३५१, ९८०३४७०१६०, ९८१५९३६६६८

**शेरबहादुर श्रेष्ठः प्रधानाध्यापक**

## VACANCY ANNOUNCEMENT

Mahendra Purifier Pvt. Ltd. is looking for a competent, committed, self motivated and enthusiastic people for following position:

**Relationship Manager:-**
Salary : 21,000+3,000/- (Negotiable)
No. Of Vacancy : 6
Job Description : Sales & Marketing
Qualification : Bachelor Degree
Experience : Minimum 3 Years
Location : Urlabari, Damak, Birtamode, Chandragadhi

**Senior Sales Officer:-**
Salary : 18,000+2,000/- (Negotiable)
No. Of Vacancy : 8
Job Description: Sales & Marketing
Qualification : Minimum Bachelor Degree or Equivalent
Experience : Minimum 1 Year
Location : Urlabari, Damak, Birtamode, Chandragadhi

**Sales Officer:-**
Salary : 14,600+2,000/- (Negotiable)
No. Of Vacancy : 12
Job Description : Sales & marketing
Qualification : Minimum Intermediate Level or equivalent
Experience : Fresher are Welcome
Location : Urlabari, Damak, Birtamode, Chandragadhi

*Interested candidates may apply with recent passport size photograph and CV mentioning the position applied. Mail us at* ***hr@mahendrapurifier.com***

**DEADLINE:** 30th NOVEMBER, 2020

**MAHENDRA PURIFIER PVT. LTD.**
Hetauda -5, Bhairab Road - Hetauda Complex
Contact: 057525904, 9801558301
Web: www.mahendrapurifier.com
Branch Office: Chinari Suppliers, Birtamode
(Atithisadan Road, Near To Anjali Overseas)
Contact : 9823036007

एनएमसीको प्रतिवेदन सार्वजनिक

# कोरोना कोषमा १० लाख

**बिर्तामोड, मंसीर १०।** नेपाल बहुउद्देश्यीय सहकारी संस्था (एनएमसी) झापाले २८औं वार्षिक साधारणसभाको प्रतिवेदन सार्वजनिक गरेको छ। प्रतिवेदन सार्वजनिक गर्दै कोरोना कोषका लागि १० लाख रुपैयाँ विनियोजन गरेको प्रतिवेदनमा उल्लेख छ।

मेचीनगर-६ काँकरभिट्टामा कर्पोरेट कार्यालय रहेको एनएमसीले बिर्तामोडस्थित कार्यालयमा बुधबार आयोजित पत्रकार सम्मेलनमा प्रतिवेदन सार्वजनिक गरेको हो। अध्यक्ष रामचन्द्र उप्रेती, बरिष्ठ उपाध्यक्ष नारायण कोइराला, उपाध्यक्ष भगवती घिमिरे मैनाली, सदस्यहरु डम्बरबहादुर बस्नेत, साबित्रा दाहाल, लेखा समिति संयोजक विष्णु गौतम, सदस्य रचना दाहाल, प्रमुख कार्यकारी अधिकृत लक्ष्मीप्रसाद उप्रेतीलगायतले संस्थाको नीति तथा कार्यक्रमसहितको प्रतिवेदन सार्वजनिक गरेका थिए।

कार्यक्रममा अध्यक्ष उप्रेतीले कोरोना महामारीकाबीच नेपाल सरकारले तोकेको स्वास्थ्य मापदण्डको पालना गरी आगामी मंसीर २७ गते संस्थाको २८औं वार्षिक साधारणसभा काँकरभिट्टामा गरिने जानकारी दिए। संस्थाका ४० वटा कार्यालयमा कार्यालयगत र इकाईगत समितिको भेला गरी सदस्यलाई प्रतिवेदन वितरण गरेर उनीहरुबाट प्राप्त सुझाव, माइन्यूट गर्न ४० वटा कार्यालय समितिको भेलाबाट एक/एक जना प्रतिनिधि छनौट गरी आगामी मंसीर २७ गते संस्थाको २८औं वार्षिक साधारणसभा काँकरभिट्टामा गरिने अध्यक्ष उप्रेतीले बताए।

अध्यक्ष उप्रेतीले सार्वजनिक गरेको प्रतिवेदनमा संस्थाले



कोरोना कहरमा समेत बैंकिङ, डेरी, कृषि र सहकारी पसलका कारोबार सुचारु राखेको, सम्पूर्ण कर्मचारीको कोरोना बीमा गरेको, खातामा चलाउन वा झिक्न मिल्ने रकम नभएका सदस्यलाई पाँच हजार रुपैयाँ सापटी उपलब्ध गराएको, लकडाउनको अवधिको भाखा नाघेको कर्जामा हर्जाना नलिइएको, सबै किसिमका कर्जामा गत असार महिनाको ब्याजमा १० प्रतिशत छुट दिएको, कर्जा र निक्षेपको ब्याजदरमा समायोजन गरेको, १५ वटै पालिकामा खाद्यान्न उपलब्ध गरेको, कोरोना बीमा कोषमा दुई लाख रुपैयाँ उपलब्ध गराएको उल्लेख छ। त्यस्तै तीन वटा सहकारीसंग एकीकरण गरिसकेको, चिया उद्योगको काम अगाडि बढाएर अर्थोडक्स र ग्रीन टी उत्पादनको लक्ष्य राखेको, कार्यविधि परिमार्जन र थप कार्यविधि निर्माण, शेयर लाभांशको प्रस्ताव, कर्मचारी बोनस प्रस्ताव, सदस्य विस्तारको निरन्तरता, नमूना कृषि फर्म र सहकारी पसलमा विशेष जोड, कोभिड खर्च व्यवस्थापन रहेको प्रतिवेदनमा उल्लेख छ।

त्यसैगरी घरजग्गा तथा स्थिर सम्पत्तिमा लगानी सम्बन्धी नीति, कर्पोरेट भवन निर्माणका लागि जग्गा खरिद, व्यवसायगत आधारमा पुँजीकोषको रकम विनियोजन, कर्मचारी तथा समितिका सेवासुविधा यथावत राख्ने, कर्जा तथा निक्षेपको व्याजदर समायोजन, वेस रेट र स्प्रेड रेटको अवस्था, सदस्यलाई उद्यमशिलताका लागि प्रेरित, शिक्षा, तालिम र सामाजिक गतिविधि, वाह्य कर्जा प्राप्ति, बाह्य लगानी, सरकारी क्षेत्रसँगको सहकार्य, अन्य सहकारीसँगको एकीकरण, जनशक्ति व्यवस्थापन, कार्यक्रम तथा बजेट पुस्तिका प्रकाशन, एनएमसी एग्रो मार्ट, एटिएम सेवाको शुरुवात र कोरोना भाइरस व्यवस्थापन खर्च वापत १० लाख रुपैयाँ विनियोजन गर्ने प्रतिवेदनमा प्रस्ताव गरिएको छ।

त्यस्तै संस्थाको २०७७ साल असार मसान्तसम्मको सदस्य संख्या ८५ हजार एक सय ३५ जना, शेयर पूँजी ८८ करोड १९ लाख तीन हजार सात सय रुपैयाँ, निक्षेप सात अर्व ३८ करोड ६२ लाख ३९ हजार रुपैयाँ, कर्जा लगानी सात अर्व ६४ करोड ३४ लाख ८३ हजार रुपैयाँ, कूल पुँजी तथा दायित्व ९ अर्ब ४२ करोड ९ लाख ३१ हजार ४ सय २८ रुपैयाँ, आम्दानी एक अर्व तीन करोड ७० लाख ७९ हजार रुपैयाँ, खर्च ८२ करोड ५० लाख ७९ हजार रुपैयाँ र नाफा २१ करोड २० लाख रुपैयाँ रहेको प्रतिवेदनमा उल्लेख छ।

कार्यक्रममा लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन संयोजक विष्णु गौतमले प्रस्तुत गरेका थिए। उप्रेतीको अध्यक्षतामा भएको कार्यक्रममा संस्थाकी उपाध्यक्ष भगवती घिमिरे मैनालीले धन्यवाद ज्ञापन गरेकी थिइन्। कार्यक्रमको सञ्चालन प्रमुख कार्यकारी अधिकृत लक्ष्मीप्रसाद उप्रेतीले गरेका थिए।

## बिर्तामोडमा ...

केरुवारी गरामनी बजार हुँदै भुसावारी ४० लाख रुपैयाँ वजेट विनियोजन भएको प्रतिनिधि सभा सदस्य पवित्रा निरौला खरेलले जानकारी दिइन्। सबै योजना सम्पन्न गर्न ३० करोड ५९ लाख ८० हजार रुपैयाँ खर्च हुने उनको भनाइ छ। यसैबीच वुट्टावारी पूर्व चारआलीसम्म सामुदायिक वन क्षेत्र फैलिएकाले हात्ती नियन्त्रणका लागि आफूले ५० लाख रुपैयाँ वजेट छुट्याएर विद्युतीय तारवार गर्न लागेको खरेलको भनाइ छ। हात्ती नियन्त्रणका लागि विद्युतीय तारवार उपयुक्त हुने भएकाले वन परिसरमा विद्युतीय फेन्सी तार विछ्याइनेछ खरेलले भनिन्।

यता बिर्तामोड नगरपालिकामा सडक, ढल लगायत एकीकृत शहरी पूर्वाधार विकास कार्य सञ्चालनका लागि ९ करोड २९ लाख ८ हजार रुपैयाँ बजेट विनियोजन भएको छ। शहरी विकास मन्त्रालय अन्तरगत नै सघन शहरी विकास कार्यक्रमका लागि समेत १३ करोड ७३ लाख ४९ हजार रुपैयाँ वबजेट विनियोजन भएको छ। विनियोजित वजेटले अहिले घमाधम काम भइरहेको खरेलले जानकारी दिइन्।

## झापामा ...

महिलासहित पाँच जना, बुद्धशान्तिमा एक महिलासहित दुई जना, हल्दिबारीमा एक जना, कचनकवलमा एक जना, कमलमा एक महिलासहित पाँच जना, गौरीगञ्जमा एक जना र झापा गाउँपालिकामा एक महिलासहित तीन जनाको मृत्यु भएको स्वास्थ्य कार्यालयको तथ्यांकमा उल्लेख छ। बाह्रदशी गाउँपालिका अहिलेसम्म सङ्क्रमणबाट कसैको मृत्यु भएको छैन।

# १० स्थानीय तहका २३८८ घरमा जस्तापाता

**खोटाङ, मंसीर १०।** खर वा फुसको छाना विस्थापित गर्ने नेपाल सरकारको कार्यक्रम अनुसार यस वर्ष खोटाङका दुई हजार तीन सय ८८ घरमा जस्तापाताको छाना लगाइने भएको छ। नेपाल सरकारको सुरक्षित आवास कार्यक्रम अन्तर्गत खर (फुस) वा कच्ची छाना भएका जनतालाई जस्तापाता वितरण गरिने भएको हो।

यस वर्ष फुसको छाना भएका वृद्ध, अपाङ्गता भएका व्यक्ति तथा एकल महिलालाई पहिलो प्राथमिकतामा राखेर जस्तापाता वितरण गरिने प्रतिनिधिसभा सदस्य विशाल भट्टराईले जानकारी दिए। आगामी वर्ष जिल्लाका अन्य खरको छाना भएका नागरिकको घरलाई समेत सम्बोधन गर्दै लगिनेछ- उनले भने- यस वर्ष जस्तापाता वितरण गर्ने जिम्मा जिल्लाका १० वटै स्थानीय तहलाई दिइएको छ। शहरी विकास मन्त्रालयअन्तर्गत वितरण गरिने जस्तापाता यस वर्ष सबैभन्दा बढी दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाका ३४८ घर स्थानीय बासिन्दाले पाउने भएका छन्। यस्तै यसै वर्ष त्रिधार्मिकस्थल हलेसीसमेत रहेको हलेसी तुवाचुङ नगरपालिकामा ३४३ घरपरिवारको फुसको छानो हटाइने भएको छ।

जिल्लाका १० वटै स्थानीय तहका प्रमुखको उपस्थितिमा भएको जस्तापाताको छाना वितरण गर्दा ऐंसेलुखर्क गाउँपालिकामा २३१, रावाबेँसी गाउँपालिकामा २०६, जन्तेढुङ्गा गाउँपालिकामा २२०, खोटेहाङ गाउँपालिकामा २८०, केपिलासगढी गाउँपालिकामा २११, दिप्रुङ चुइचुम्मा गाउँपालिकामा २०३, साकेला गाउँपालिकामा १५० र बराहपोखरीमा गाउँपालिकामा १९६ घरधुरीले जस्ता छाना पाउनेछन्।

## मूर्ति ...

मुद्दामा पक्राउ पूर्जी जारी गरेकाले उनलाई पक्राउ गरिएको मकवानपुरका प्रहरी नायब उपरीक्षक इन्द्रबहादुर रानाले जानकारी दिए।

जिल्ला प्रहरी कार्यालय कास्कीको पत्र प्राप्त भएकाले उनलाई पक्राउ गरी कास्की पठाइएको डीएसपी रानाले बताए। दिक्छेन हेटौंडा-१२स्थित माइतीमा बस्दै आएको जनाइएको छ।

प्रहरीका अनुसार उनीसहित तीनजनालाई विपक्षी बनाएर कास्की जिल्ला अदालतमा बहुमूल्य धातुको मूर्ति चोरीको मुद्दा दायर भएको छ।

## शिखर बचत तथा ऋण सहकारी संस्था लि. को शेयर धनी सदस्यहरुमा

शिखर साकोस

### १० औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

आदरणीय शेयरधनि महानुभावहरु,

उपरोक्त सम्बन्धमा यस शिखर बचत तथा ऋण सहकारी संस्था लि. बिर्तामोडको मिति २०७७/०८/१० गते शनिबारका दिन बसेको संचालक समितिको बैठकको निर्णय साथै सहकारी विभागको सहकारी संस्थाको साधारण सभा सम्बन्धि जारि गरेको निर्देशिका अनुसार तथा विश्वव्यापी महामारी कोभिड-१९ लाई मध्यनजर गर्दै सामाजिक दुरी कायम गर्दै ६ दिन सम्म वार्षिक साधारण सभा कार्यक्रम गर्नुपर्ने भएकोले संस्थाको दशौं वार्षिक साधारण सभा निम्न लिखित तालिका सहितको समयमा उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं।

साधारण सभा बस्ने मिति र स्थान — सभा सुरु हुने समय: बिहान १०:०० बजेदेखि ०४:०० बजेसम्म

| क्र.सं. | मिति | विवरण | स्थान |
|---|---|---|---|
| १ | २०७७-०८-१६ देखी २१ गते | बिर्तामोड नगरपालिकाका शेयर सदस्य ज्यूहरु | कार्यालय भवन, बिर्तामोड-५ |
| २ | २०७७-०८-१६ देखी २१ गते | बाह्रदशी गा.पा. राजगढ सेवा केन्द्र मातहतका शेयर सदस्य ज्यूहरु | राजगढ सेवा केन्द्रको को कार्यालय, राजगढ |
| ३ | २०७७-०८-१६ देखी २१ गते | गरामनी सेवा केन्द्र मातहतका शेयर सदस्य ज्यूहरु | गरामनी सेवा केन्द्रको को कार्यालय, गरामनी |
| ४ | २०७७-०८-१६ | अर्जुनधारा नगरपालिकाका शेयर सदस्यज्यूहरु | शनिश्चरे बजार दिलिप गरुङको घर |
| ५ | २०७७-०८-२२ | समापन समारोह | शिखर साकोसको आफ्नै भवन भद्रपुर रोड, बिर्तामोड |

**छलफलका विषयहरु:**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यूले प्रस्तुत गर्ने प्रतिवेदन माथि छलफल गरि पारित गर्ने सम्बन्धमा
२. संस्थाको आ.व. २०७६/०७७ को लेखापरिक्षण प्रतिवेदन माथि छलफल गरि पारित गर्ने सम्बन्धमा
३. संस्थाका आ.व. २०७६/२०७७ को लेखा समितिको प्रतिवेदन प्रस्तुत एवं छलफल गरि पारित गर्ने सम्बन्धमा
४. चालु आ.व. २०७७/०७८ को निति, कार्यक्रम, बजेट माथि छलफल गरि पारित गर्ने सम्बन्धमा
५. चालु आ.व. २०७७/०७८ को लागि लेखा परिक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा
६. शेयर सदस्यज्यूहरुलाई लाभांस वितरण गर्ने सम्बन्धमा
७. कर्मचारि बोनस वितरण सम्बन्धमा
८. साधारण सभाको निर्णय पुस्तिकामा सहि गरि निर्णय गर्नको लागी सञ्चालक समितिको तर्फबाट ५ जना र शेयर सदस्यको तर्फबाट ५ जना प्रतिनिधिको चयन गर्ने सम्बन्धमा
९. उपयुक्त संस्था संग मर्ज (एकिकरण) गर्ने सम्बन्धमा
१०. निति तथा कार्यविधि संसोधन तथा पारित गर्ने सम्बन्धमा
११. सञ्चालक समिति को निर्णय बमोजिम शेयर सदस्यहरुलाई कोभिड-१९ को कारण लकडाउन भएको बखतमा कर्जा ब्याजमा दिएको ब्याज छुट खर्च अनुमोदन सम्बन्धमा
१२. सेवा केन्द्र विस्तार सम्बन्धमा
१३. विविध

**नोट:**

१. प्रतिवेदन माथि, छलफल गर्नका लागी आफ्ना अमुल्य सुझावहरु मिति २०७७ साल मंसिर २१ गते भित्रमा कार्यालयमा बुझाइदिनुहुन अनुरोध छ।
२. स्वयम उपस्थित भई उपस्थिति पुस्तिकामा हस्ताक्षर गर्ने सदस्य महानुभावहरुलाई परिवहन खर्चको व्यवस्था गरिएको छ।
३. पासबुक साथै लिई सुरक्षाका मापदण्ड अपनाई उपस्थितिका लागि अनुरोध छ।

दिपेन्द्र राउत अध्यक्ष


सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५



दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।



## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ॥

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्पर्कगर्नुहोस्।


## मेचीनगर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
इटाभट्टा, झापा
१ नं. प्रदेश, नेपाल

मितिः २०७७/०८/१०

### कोभिड अस्पताल, धाइजनका लागि करारमा जनशक्ति पदपूर्ति गर्ने सम्बन्धीको सूचना

मेचीनगर नगरपालिका, नगर कार्यपालिकाको मिति २०७७ मंसीर ८ गतेको निर्णय बमोजिम मेचीनगर नगरपालिका वडा नं. ११ मा रहेको धाइजन स्वास्थ्य चौकीमा प्रस्तावित गरिएको कोभिड अस्पताल सञ्चालनका लागि निम्नानुसारको पदमा करारमा पदपूर्ति गर्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले ७ (सात) दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिदसहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ।

| क्र.सं. | विज्ञापन | पद | संख्या |
|---|---|---|---|
| १. | २।२०७७।०७८ | चिकित्सक | १ |
| २. | ३।२०७७।०७८ | स्टाफ नर्स | २ |
| ३. | ४।२०७७।०७८ | कार्यालय सहयोगी | १ |

**१) आवश्यक न्यूनतम् शैक्षिक योग्यता**

**विज्ञापन नं. २।२०७७।०७८ चिकित्सक**
क) मान्यता प्राप्त शैक्षिक संस्थाबाट एमवीवीएस उत्तीर्ण
ख) नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको प्रमाणपत्र
ग) अनुभव र सीपः चिकित्सक पदमा देहायको अनुभव आवश्यक पर्नेछ।
नेपाल सरकारबाट मान्यता प्राप्त अस्पताल वा नर्सिङ होममा न्यूनतम् ३ महिना कार्य गरेको।
घ) उमेरः कम्तीमा १८ बर्ष पूरा भई ४० बर्ष ननाघेको।
ङ) आवेदन दस्तुरः रु.१५००।००

**विज्ञापन नं. ३।२०७७।०७८ स्टाफ नर्स**
क) मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्टाफ नर्स उत्तीर्ण
ख) नर्स काउन्सिलमा दर्ता भएको प्रमाणपत्र
ग) अनुभव र सीपः स्टाफ नर्स (सहायक स्तर पाँचौं तह) मा देहायको अनुभव आवश्यक पर्नेछ।
नेपाल सरकारबाट मान्यता प्राप्त अस्पताल वा नर्सिङ होममा न्यूनतम् ३ महिना कार्य गरेको।
घ) उमेरः कम्तीमा १८ बर्ष पूरा भई ४० बर्ष ननाघेको।
ङ) आवेदन दस्तुरः रु.१०००।००

**विज्ञापन नं. ४।२०७७।०७८कार्यालय सहयोगी**
क) मान्यता प्राप्त शैक्षिक संस्थाबाट कक्षा ८ उत्तीर्ण
**ख) उमेरः** कम्तीमा १८ बर्ष पूरा भई ४० बर्ष ननाघेको।
**ङ) आवेदन दस्तुरः** रु. ५००।००

**२) दस्तुर दिने स्थानः** मेचीनगर नगरपालिका, इटाभट्टा, झापा
**३) दरखास्त दिने अन्तिम दिनः** २०७७।०८।१६ गते
**४) छनौट किसिमः** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, लिखित र मौखिक परीक्षा।
**५) आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरुः** आवेदक स्वयम्ले प्रमाणित गरेको देहाय बमोजिमका कागजातको प्रतिलिपिहरु
**- नागरिकता**
**- न्यूनतम् शैक्षिक योग्यता खुलेको शैक्षिक योग्यताको लब्धांकसहितको प्रमाणपत्र**
**- चारित्रिक प्रमाणपत्र - अनुभव खुल्ने कागजात - २ प्रति पासपोर्ट आकारको फोटो**
**६) सेवा सुविधाः** कार्यपालिकाको निर्णय अनुसार।
**७) पदले सम्पादित गर्नुपर्ने कार्यविवरणः** कोभिड अस्पताल सञ्चालन मापदण्ड बमोजिम
**८) आवेदनको ढाँचाः** मेचीनगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**
**मेचीनगर नगरपालिकाको कार्यालय, इटाभट्टा, झापा**

## प्रारम्भिक वातावरणीय परीक्षण (IEE) सम्बन्धी राय सुझाव पेश गर्ने सूचना

**प्रकाशित मितिः २०७७ मंसीर ११**

**रोङ गाउँपालिका क्षेत्रभित्र भएर बग्ने विरीङ खोलाको बगर क्षेत्रबाट ढुंगा, गिटी तथा बालुवा संकलन तथा उत्खनन् कार्यका लागि प्रारम्भिक वातावरणीय परीक्षा (IEE) प्रतिवेदन तयार गर्ने सिलसिलामा वातावरण संरक्षण ऐन २०७६ र वातावरण संरक्षण नियमावली २०७७को नियम ३को अनुसूची २ (ग) खानी क्षेत्र (७) अनुसार अध्ययन गर्नुपर्ने भएको हुँदा प्रतिवेदन कार्यान्वयन हुने देहायको क्षेत्रहरुमा प्रस्तावित कार्यबाट पर्न सक्ने भौतिक- रासायनिक, जैविक, सामाजिक-आर्थिक एवम् सांस्कृतिक वातावरणमा के-कस्तो असर पर्ने हो सो को राय सुझाव यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र लिखित रुपमा उपलब्ध गराउनु हुन सम्बन्धित सरोकारवालाहरुलाई अनुरोध गरिन्छ।**

**प्रभाव पर्ने क्षेत्र**
विरीङ खोलासंग सीमाना भएका रोङ गाउँपालिकाका वडा नं. १ र ४ क्षेत्र
**राय सुझाव उपलब्ध गराउने ठेगाना**
रोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,इलाम
फोन नं. ९८५२६४२०२० इमेलः rongruralmun@gmail.com

**प्रमुख प्रशासकीय अधिकृत**

## अवसर ! अवसर !!

**रोङ गाउँपालिका- ३ कुटीडाँडा छेउ इलामको मनोरम वातावरणमा सञ्चालन हुन गइरहेको ECO Home Resort को लागि निम्नानुसार पद पूर्ति गर्नुपर्ने भएको हुँदा इच्छुक योग्य व्यक्तिले यो सूचना प्रकाशन भएको १० दिनभित्र तपसिलको नम्बरमा सम्पर्क गर्नुहुन अनुरोध छ।**

**१) रिसेप्सनिष्ट : १ (+२ वा** Bachelor)
**२) सेफ : १ (स्थानीय परिकार विशेषज्ञ)**
**३) कुक सहायक : १ (स्थानीय परिकार बनाउन जान्ने)**
**४) वेटर : २ (अनुभवी)**
**५) क्लिनर : २**
**६) सेक्युरिटी : १ (पुरुष, ड्राइभिङ गर्न सक्ने)**

नोट : - अनुभवी स्थानीयलाई विशेष प्राथमिकता दिइने छ।
- निवेदनका साथमा नागरिकता, पीपी साइजको फोटो तथा अनुभवको प्रमाणपत्र पेश गर्नुपर्नेछ।
- पहिला काम गरेको भए सो स्थानको सम्पर्क नं. अनिवार्य उल्लेख गर्नुपर्नेछ।

**तपसिल**
९८६२८६१६८०/९८१७०५८८०० (Email: ecohome41@gmail.com)

**इकोहोम रिसोर्ट तथा होम स्टे प्रा.लि., रोङ-३, इलाम**

## नेपाली कांग्रेस

झापा क्षेत्र नं-२ (क)
प्रदेश निर्वाचन क्षेत्रीय समितिको कार्यालय
बिर्तामोड-झापा

मितिः २०७७/०८/१०

### संयुक्त प्रेस विज्ञप्ति

झापा विर्तामोड नगरपालिका-१ को कित्ता नं ६२२ र ५४७ जग्गामा केही दिनदेखि भइरहेको चलखेल तथा जग्गा हडप्ने घटनाप्रति नेपाली कांग्रेसको गम्भीर ध्यानाकर्षण भएको छ। त्यस जग्गामा बर्षौदेखि बसोबास गर्दै आएका ब्यक्तिलाई बिस्थापित गर्ने काम भू-माफिया र जग्गा हड्प्ने समूहको ईशारा तथा प्रलोभनमा परेर बिर्तामोड-१ का वडाध्यक्ष तथा वडा कार्यालयले घर तथा बसोबास नभएको, पक्की सडक भएको भनेर सिफारिस गर्नु भू-माफियासँग गरिएको तालमेल नै हो।

यसले सुकुम्बासी र त्यहाँ घर बनाउने ब्यक्तिलाई जबर्जस्त विस्थापित गर्न खोजेको प्रष्ट हुन्छ। यो घटनाले कांग्रेसलाई आश्चर्यचकित तुल्याएको छ। कोरोना महामारीको बेला नागरिकलाई राहत दिनुपर्नेमा भू-माफियालाई सिफारिस दिएर वडा कार्यालयले जनभावनामाथि आघात पुऱ्याउने काम गरेको नेपाली कांग्रेसको ठहर छ।

कित्ता नं ५४७ को जग्गालाई ६२२ बनाउने र सो प्रपञ्च असफल हुने देखिएपछि एउटै जग्गाको दुईवटा कित्ता नं कायम गर्न नक्सा बनाउने धृष्टता के कति कारण र नियतले गरिएको हो ? त्यो अविलम्ब सार्वजनिक गर्न नेपाली कांग्रेस माग गर्दछ। कित्ता नं परिवर्तन गरी दुईवटा नक्सा बनाउन सहयोग गर्ने, त्यसलाई सदर गर्ने ब्यक्ति र समूह पहिचान गरी तत्काल कारबाही गर्न नेपाली कांग्रेस जोडदार माग गर्दछ।

एउटै जग्गाको फरक-फरक नक्सा बनाएर त्यहाँ बसिरहेका सुकुम्बासी तथा लाखौं रुपैयाँ खर्चिएर जग्गा खरिद गरेका तथा घर बनाएका ब्यक्तिलाई उठिबास बनाउन लागिपर्ने गिरोह र त्यसका नाइकेलाई कारबाही गरिएन भने यस्तो समस्या आगामी दिनमा अन्यत्र पनि दोहोरिने पक्का छ। यसले धेरै ब्यक्ति आफ्नो थातथलोबाट विस्थापित हुन बाध्य हुनेछन्। विर्तामोड-१ को जग्गा हडप्न जो-जो संलग्न छन्, त्यस्तो गतिविधिमा लागेका ब्यक्तिको पहिचान गर्ने काममा एकक्षण पनि ढिला नगर्न प्रशासनको ध्यानाकर्षण गराउँदछौं। सो जग्गाको सम्बन्धमा अहिले के भइरहेको छ ? त्यसको छानविनका लागि झापाका प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्लामा क्रियाशील सबै राजनीतिक दलको प्रतिनिधित्व हुनेगरी अविलम्ब समिति गठन गर्न र निश्पक्ष छानविनका लागि नेपाली कांग्रेस जोडदार माग गर्दछ।

नक्सा फेर्ने, नक्सा फेर्न सिफारिस तथा सहयोग गर्ने र गलत मनसायका ब्यक्तिलाई जग्गा उपलब्ध गराउन चलखेल गर्ने साथै त्यस कार्यमा संलग्न कसैप्रति पनि कांग्रेसको विश्वास छैन र रहँदैन। त्यसैले उक्त कार्यमा संलग्न मालपोत कार्यालय झापा, नापी कार्यालय झापा, १ नं वडा कार्यालय विर्तामोड र सो जग्गा किनबेचमा गलत प्रमाण तयार गर्ने कर्मचारी साथै ब्यक्तिलाई कुनै पनि हालतमा उन्मुक्ति दिइनुहुँदैन। उन्मुक्ति दिने काम कहिंकतैबाट भयो भने त्यो कांग्रेसलाई सह्य नहुने चेतावनी दिन चाहन्छौं। यस्तो गतिविधिमा संलग्न ब्यक्तिलाई कारबाही गर्न पुनः माग गर्दछौं।

**भोजराज सिटौलाः** सभापति
**नेपाली कांग्रेस झापा**
विर्तामोड नगरसमिति

**धर्म लक्सम्बाः** सभापति
**नेपाली कांग्रेस झापा क्षेत्र नं-२ (क)**,
प्रदेश निर्वाचन क्षेत्रीय समिति


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

सम्पादकीय

# हरिबोधनी एकादशीले मनोकामना पूरा गरोस्

**आज हरिबोधनी एकादशी । हरिशयनीका दिन अर्थात् आषाढ शुक्ल एकादशीदेखि सुत्नु भएका भगवान विष्णु आजका दिन उठ्नु हुने धार्मिक कथन छ । यसैदिन भगवान विष्णुको विवाह देवी लक्ष्मीसँग भएको मानिन्छ । वैदिक सनातनी परम्परामा दशैं, तिहार, छठ लगायतका पर्वहरु समापन भएसँगै आउने यो दिनसँगै चालू वर्षाका पर्वहरु समाप्त हुने लौकिक मान्यता छ । कोजाग्रत पूर्णिमाबाट बाल्न थालिएको आकाशे बत्ती यही दिनबाट बाल्न बन्द गर्ने चलन छ । यस दिनको महिमाका कारण हुनसक्छ यो एकादशीलाई ठूली एकादशी भन्ने गरिएको हो । भगवान विष्णु प्राणी मात्रका पालनकर्ता हुन्, त्यही कारण नयाँ अन्न तयार गरी तुलसीको मठमा विशेष पूजा र भगवान–विष्णुको आराधना गरी समर्पण गर्ने वैदिक सनातनी परम्परा रहेको छ ।**

**वैदिक सनातनी हिन्दू धर्ममा मात्र होइन आयुर्वेदमा समेत तुलसीको ठूलो महत्व छ । यसको पात, डाँठ, फूल (मञ्जरी) विषाणु मार्न सक्ने औषधीय गुण भएको वस्तु मानिन्छ । जन्मदेखि मृत्युसम्मका संस्कार तुलसीको अभावमा पूरा हुन सक्दैन । यसको संसर्गले वातावरणीय प्रदुषण पनि समाप्त हुने विज्ञान सिद्ध मत छ । यी र यस्ता कारणले सनातनी जीवन पद्धतिमा तुलसी अनिवार्य वनस्पतिका रुपमा सुरक्षित र संरक्षित छ । पद्म पुराणमा देवी विन्दाले पृथ्वीमा आएर भगवान विष्णुलाई पति पाउ भनी घोर तपस्या गरेको र त्यसकै प्रभावमा इच्छा पूरा भएको कथन छ । त्यसैगरी श्रीमद्भागवतमा पनि तुलसीको बिरुवामा रहेको दैविक गुणलाई ब्याख्या गरिएको छ । यिनै विविध कारण र महत्वले वैदिक सनातनीले हरिशयनी र हरिबोधनी एकादशीलाई ठूलो उत्सवका रुपमा मनाउने गरेका छन् ।**

**कात्तिक शुक्ल एकादशीलाई तुलसी विवाह उत्सव पनि भन्ने गरिएको छ । घरमा भएको तुलसीको मठलाई बाँसको लिङ्गो गाडेर, रंगरोगन गरेर पिपलसँग विवाह गरिदिने चलन छ । जन्मदेखि मृत्युपर्यन्त यी दुई वनस्पतिको मानव जीवनसँग अटुट सम्बन्ध रहेको छ । त्यही कारण कसैको मृत्यु भएमा तुलसाको मठमा राख्ने, तुलसी पत्र वा मञ्जरी, तुलसी पानी मुखमा हाली दिने र अन्त्येष्टिपूर्व पिपलको बोटमा सुताएपछि ब्रह्मनालमा राखेर सद्गति गर्ने प्रचलन छ । यही प्रचलन र मान्यताका बीच आज बिहान उठेर स्नान गरी तुलसी विवाह र भक्तिपूर्वक पूजा गरिँदैछ । प्राणी र वनस्पतिका बीचको यस्तो अन्योन्याश्रित सम्बन्ध झनै गहिरो होस् । हाम्रो सेवा र भक्तिले भगवान विष्णु प्रशन्न भई सुख–शान्तिसँग मनोकामना पूरा होउन्, सबैमा शुभकामना ।**

# हिंसा : कसले गर्छ ? कसले सहन्छ ?



**लक्ष्मी उप्रेती**

बुधबार विश्वभर अन्तर्राष्ट्रिय महिला हिंसा अन्त्य दिवस मनाइएको छ। हरेक वर्षको नोभेम्बर २५ तारीख यो दिवस मनाइने गरिएको छ। त्यसैदिनबाट लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान शुरु भएको छ। यस वर्षको नारा 'लैङ्गिक हिंसा अन्त्यको प्रतिबद्धता, व्यक्ति, समाज र सबैको ऐक्यबद्धता' -भन्ने रहेको छ।

संयुक्त राष्ट्रसङ्घको आह्वानमा नोभेम्बर २५ देखि डिसेम्बर १० सम्मको १६ दिनलाई महिलामाथि हुने हिंसाविरुद्धको अन्तर्राष्ट्रिय दिवसका रूपमा विश्वभर मनाइने गरिएको छ। सन् १९६० मा क्यारेवियन मुलुक डोमिनिकन गणतन्त्रका एउटै परिवारका राजनीतिक कार्यकर्ता तीन दिदीबहिनीको त्यहाँको सरकारले हत्या गरेको सन्दर्भसँग यो अभियान जोडिएको जानकारहरु बताउँछन्।

सन् १९९९ मा डोमिनिकन गणराज्य तथा अन्य ७४ वटा सदस्य राष्ट्रले नोभेम्बर २५ लाई महिलामाथि हुने हिंसाविरुद्धको दिवसको रुपमा मनाउन राखेको प्रस्तावलाई राष्ट्र संघले स्वीकार गर्दै डिसेम्बर १७ मा पारित भएको थियो। नेपालमा पनि २०५४ सालदेखि लैङ्गिक हिंसाविरुद्ध विविध सचेतनामूलक कार्यक्रम गरी अभियान मनाउन शुरु गरिएको हो।

तीन दिदी बहिनीको हत्याविरुद्ध अन्तर्राष्ट्रिय ऐक्यबद्धता स्वरूप यो दिवस विश्वभर मनाइने गरिएको छ। सातै प्रदेश, ७७ जिल्ला समन्वय समिति, सात सय ५३ स्थानीय तह, सबै वडा र विभिन्न संघ-संस्थालाई आह्वान गरिएको छ। महिलामाथि हुने हिंसाविरुद्ध सबै पक्षको सहयोग र सहभागिता आवश्यक रहेको स्पष्ट गर्दै सरकारले गरेको आह्वानलाई सबै पक्षले इमानदारीका साथ कार्यान्वयन गरी विद्यमान अवस्थामा परिवर्तन गर्न योगदान दिन सक्छन्। हरेक वर्ष यो अभियान सञ्चालन गरिए पनि विश्वमै महिलामाथि हुने हिंसाका ग्राफ कहाली लाग्दो छ। नेपालमै पनि हेर्ने हो भने महिलामाथि हुने यस्ता घटना प्रश्स्तै छन्।

सामान्यरुपमा हामीले महिला हिंसा यौनशोषण हो भनेर बुझ्ने गरिएको भए पनि सार्वजनिक वा निजी जीवनमा, लैङ्गिक आधारमा कसैप्रति शारीरिक, यौनजन्य, वा मानसिक क्षति वा पीडा पुर्‍याउने कार्य पनि लैङ्गिक हिंसा हो। यौन शोषण मात्र नभएर महिलाविरुद्ध हुने सामाजिक, सांस्कृतिक, शारिरीक, आर्थिक, यौनजन्य, राजनीतिक, मानसिक लगायतका विविध विभेद नै समग्रमा लैङ्गिक हिंसा ठहर्ने एक अध्ययनले देखाएको छ।

महिलाहरूलाई उनीहरूको अधिकार र स्वतन्त्रताको उपयोगबाट वञ्चित गर्नु पनि महिला हिंसा हो भने सामाजिकीकरण, न्याय व्यवस्था र सामाजिक संरचना महिला हिंसाको प्रमुख कारण भएको जानकारहरु बताउँछन्। अझ महिलाविरुद्धको हिंसा नितान्तरुपमा मानव अधिकारको हनन् हो भनेर बुझ्न पनि सकिन्छ । नेपालको संविधानले व्यवस्था गरे अनुसारको समावेशीकरणले नेपाली महिलालाई राष्ट्रका सम्मानित, मर्यादित र निर्णायक तहको जिम्मेवारीमा त पुर्‍यायो, तर उनीहरुमाथि हुने हिंसा भने अझै कम भएका छैन्। कानून व्यवसायी अधिवक्ता कविता बाँस्तोला शर्माको भनाई सापटी लिने हो भने हाम्रो समाजमा जोसँग बढी शक्ति हुन्छ, उसले नै हिंसा गर्छ र जोसँग शक्ति हुँदैन उसले हिंसा सहने गर्छ।

अन्य देशको तुलनामा नेपालका महिला कुनै न कुनै विषयामा घरेलु हिंसामा बढी पीडित बन्ने गरेका छन्। महिला अधिकारका क्षेत्रमा क्रियाशील संघ-संस्थाले जारी गरेको प्रतिबेदनमा नेपालमा मात्र ८० प्रतिशत महिला घरेलु हिंसाका शिकार भएका छन्। भारत , श्रीलंका जापान गरी विश्वका ८० वटाभन्दा बढी मुलुकमा घरेलु हिंसाविरुद्धको छुट्टै विशेष कानून बनेको छ। तर, नेपालमा कानून बने पनि मजबुतरुपमा कार्यन्वयन नहुँदा यस्ता घटना बढिरहन्छन्। कानून कार्यान्वयनको पक्ष कमजोर र फितलो हुँदा यो समस्या ज्यूँका त्यूँ छ। यसकारण कानून बनाएर मात्र हुँदैन यसको कार्यान्वयन पक्ष बलियो हुनुपर्छ अनि कानूनसँगै जनचेतना पनि फैलाउन आवश्यक छ।

नेपालको संविधानले महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक प्रदान गरेको छ। महिलाविरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिए कानून बमोजिम दण्डनीय हुने संवैधानिक व्यवस्था र विभिन्न कानूनले महिलालाई सुरक्षित गरेको छ। तर, व्यवहारमा अहिले पनि महिलामाथि घरेलुदेखि सामाजिक रूपमा हिंसा भइरहेका घटना सार्वजनिक भएका छन् ।

घरेलु हिंसा सम्बन्धी ऐनमा घरेलु हिंसा भएमा स्थानीय तह, महिला आयोग, प्रहरी कार्यालय र सोझै अदालत गरी चार ठाउँमा उजुरी गर्न पाउने व्यवस्था छ। तर, त्यहाँसम्म पनि अहिले महिला खुलरै पुग्ने अवस्था छैन्। लोग्नेले कुटपिट वा हिंसा गर्‍यो भनेर प्रहरीमा उजुरी गर्न जाने महिलाले बाटो खर्च त्यही लोग्नेको गोजीबाट झिक्नुपर्ने बाध्यताको जबसम्म अन्त्य हुँदैन्। तबसम्म हिंसाका घटना बढिरहन्छन्। लैङ्गिक हिंसाका मुद्दाहरुमा मनौताको संस्कृतिकलाई तोड्न जरुरी छ। वा अहिले पनि यस्ता घटनाहरुमा उजुरी नगर्ने प्रवृत्ति छ त्यसलाई कसरी तोड्ने त्यसतर्फ क्रियाशील संघ-संस्थाको कानमा बतास चल्नुपर्दछ।



**सन्दर्भः लैगिक हिंसाविरुद्धको १६ दिने अभियान**

महिलाविरुद्ध हुने हिंसा सम्बन्धी कानूनहरुमा मुलुकी अपराधसंहिता करणी सम्बन्धी कसुर, मुलुकी अपराध संहिता यौन दुर्व्यव्हार सम्बन्धी कसुर, मुलुकी अपराधसंहिता हाडनाता करणी सम्बन्धी कसुर, मुलुकी अपराधसंहिता विवाह सम्बन्धी कसुर, मानव बेचबिखन तथा ओसारपसर नियन्त्रण ऐन, सार्वजनिक अपराध तथा सजाय ऐन, प्रमाण ऐन, मुलुकी अपराधसंहिता गाली बेइज्जती सम्बन्धी कसुर, मुलुकी अपराधसंहिता कुटपिट वा अंगभंग सम्बन्धी कसुर, सरकारी मुद्दा सम्बन्धी ऐन, घरेल हिंसा नियन्त्रण र सजाय सम्बन्धी ऐन, विद्युतिय कारोवार, बोक्सीको आरोप कसुर र सजाय ऐन, कार्यस्थालमा हुने यौनजन्य दुर्व्यवहार ऐन यस्ता थुप्रै छन्। यी कानून प्रभावकारीरुपमा कार्यान्वयन हुने हो भने पनि पनि हिंसाका घटना केही हदसम्म कम हुन्छन्।

२०६२/२०६३ पछि संघीयता, समावेशिता, गणतन्त्र जस्ता केही महत्वपूर्ण पक्षमा परिमार्जन त भयो। तर, यी परिमार्जनले समाजमा महिलामाथि हुने हिंसाका घटना कम गर्न वा न्यूनीकरण गर्नका लागि जे-जस्तो भूमिका निर्वाह गर्नुपर्ने हो शायद त्यो पूरा पनि भएको छैन्। आधा आकाश मानिने नारीको ठूलो हिस्सा पुरुषको कारण थिचोमिचो र उत्पीडन सहन बाध्य छ भने एकातिर बहस चलिरहँदा अर्कातर्फ यो मुलुकमा महिला पनि पुरुषमाथि हिंसा गर्नमा कम छैनन् भन्ने तर्क छ।

एकतातिर हरेक क्षेत्रमा महिलाहरूको समान पहुँचको अधिकार र विवाहित महिलाको पनि पैत्रिक सम्पत्तिमा अधिकारको सुनिश्चितता नभएसम्म महिलाविरूद्धको हिंसामुक्त समाजको कल्पना गर्न सकिँदैन पनि भन्ने अर्कातर्फ नेपालमा महिला हिंसा सम्बन्धमा थुप्रै नियम कानूनहरू बनेका छन्। कुनै कार्यान्वयन भएर लागू भएका छन् भने कुनै कार्यान्वयन हुनै बाँकी छ। महिला हिंसा रोक्नलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बहसहरू चलाइएका छन्। सरकारले पनि महिला विकासको लागि ठूलै रकम छुट्याउँदै आएको छ। तैपनि महिलाविरुद्ध हुने हिंसा दिन प्रतिदिन बढ्दो क्रममा छन्।

वर्षौं वर्षसम्म श्रीमान् विदेशमा घामपानी जाडो गर्मी नभनि आफ्ना परिवार सम्झेर कमाउने यता श्रीमती श्रीमान्ले त्यसरी कमाएको सम्पत्ति लिएर अर्केसँग हिँड्ने घटना पनि हाम्रो समाजमा बाक्लै छन्। उता श्रीमान् परदेशमा भएका बखत स-साना बालबच्चा हुर्काएर जेनतेन गुजरा चलाउँदै आए पनि नेपाली समाजमा भारतबाट फर्केका पतिले उपहारका रुपमा ल्याइदिएको एचआइभी एड्स संक्रमित स्वीकार्ने हजारौं श्रीमती पनि नभएका पनि होइनन्।

श्रीमान्ले विदेशमा कमाएको सम्पत्ति लिएर टाप कस्ने महिला अनि श्रीमतीलाई उपहारका रुपमा एचआईभी एड्स संक्रमित लिएर आउने श्रीमान् यी दुबै सचेत नहुँने र यिनीहरुमा चेतना नआए कानून र दिवसको कुनै अर्थ रहँदैन। भनिन्छ बालबालिका तथा महिलाको पहिलो सुरक्षित स्थान घर र बिद्यालय हो। तर, पछिल्लो पटक उनीहरुका लागि घर र बिद्यालय नै असुक्षित स्थान बन्दै आएका छन्।

यतिखेर साङ्ग महिलामात्र होइन अपाङ्ग र सुस्त अनि शारीरिक र मानसिक रुपमा अशक्त महिलामाथि समेत यौन हिंसाका घटना दैनिक बढिरहेको छ। सामुहिक प्रयासबाट महिला तथा बालबालिका हिंसा कम हुने धारणा महिला अधिकारका क्षेत्रमा काम गर्दै आएका अगुवाहरुको छ। यसका लागि एकल प्रयास नभई संयुक्तरुपमा कार्यक्रम लैजानुपर्छ। समाजलाई चलायमान बनाउँदै लैङ्गिकहिंसामा परेका महिलाहरुलाई उचित राहतको व्यवस्था तथा राहत व्यवस्थापन गरे यस्ता घटनामा कम हुँदै जाने तर्क महिलाअधिकारकर्मीहरुको छ।

# हरिबोधिनी एकादशी र तुलसी विवाह

**□ उप प्रा. नारायणप्रसाद निरौला**

चान्द्रमास अनुसार महिनाको ११औं दिनलाई एकादशी भनिन्छ। प्रत्येक महिनामा दुईवटा एकादशी पर्दछन्। कात्तिक शुक्लपक्षको एकादशी तिथिलाई हरिबोधिनी एकादशी भनिन्छ। एकादशीमध्ये उत्तम एकादशी भएकाले यो दिनलाई ठूली एकादशी पनि भनिएको हो। हरिबोधिनी एकादशीमा विधिवत् तुलसीको विवाह हुने गर्दछ। हरि भनेका साक्षत् विष्णु भगवान् हुनुहुन्छ।

बोधिनीको अर्थ जागृत हुने वा उठ्ने भन्ने अर्थ हुन्छ। क्षीरसागरको शेष शय्यामा आषाढ शुक्ल एकादशीका दिन शयन गरेका विष्णु भगवान् यही कात्तिक शुक्लपक्षको एकादशीका दिन चार महिनापछि उठ्ने भएकाले यसदिनलाई हरिबोधिनी एकादशी भनिएको हो। विष्णु भगवान् स्वप्न अवस्थाबाट जागृत हुने भएकाले यस तिथिलाई हरिबोधिनी एकादशी भनिएको हो।

यसदिन भगवान् विष्णुको प्रतिकसँग तुलसीलाई पूजाआजसहित विवाह गर्ने धार्मिक विधि रहेको छ। तुलसीको मठलाई लिंगा, ध्वजा एवम् फूलमालाले सजाई विधिपूर्वक तुलसी विवाह हुने गर्दछ। तुलसीको पूजासँगै व्रत धारण गर्ने पनि शास्त्रीय विधान रहेको पाइन्छ। जलाहार वा फलाहार गरी भगवानका नाम एवम् गुणगानका साथ व्रतोपवास गर्नाले अक्षण्य पूण्य प्राप्त हुने कुरा एकादशी माहात्म्यमा उल्लेख गरिएको छ। भविष्योत्तर पुराणमा श्रीकृष्ण-युधिष्ठिर संवादमार्फत एकादशी महिमाको विशेष चर्चा गरिएको छ।

अन्य एकादशीभन्दा हरिबोधिनी एकादशीका दिन गरिने विष्णु भगवानको उपासना बढी फलदायी हुने भएकाले यसदिन गरिने स्नान, दान, तप, धर्म आदि सबै कार्यको अनन्त पूण्य प्राप्त हुने कुरा शास्त्रमा उल्लेख पाइन्छ। ब्रह्मवैवर्त पुराण अनुसार तुलसीका प्रसिद्ध आठ नामः वृन्दा, वृन्दावनी, विश्वपूजिता, विश्वपावनी, पुष्पसारा, नन्दिनी, तुलसी र कृष्णजीवनी हुन्। आयुर्वेदले पनि तुलसीको विशेष महिमागान गर्दै महौषधीको संज्ञा दिइएको छ। स्कन्दपुराण अनुसार जालन्धरकी पतिव्रता पत्नी वृन्दाको सतित्व नै उसको अमरत्वको आधार थियो।

वृन्दाको सतीत्व अन्त्य नगरी जालन्धर राक्षसको अन्त्य सम्भव थिएन। सृष्टिको कल्याण गर्ने उद्देश्यले भगवान् विष्णुले वृन्दाको सतीत्व नष्ट गर्नुपरेको थियो। सोही उद्देश्य अनुसार विष्णु भगवानले रूप बदली जालन्धरको भेषमा गई वृन्दाको सतित्व हरण गरेको वृन्दाले थाह पाएपछि भगवान् विष्णुलाई श्राप दिन्छिन्। त्यसपछि भगवान् विष्णु पत्थरका रूपमा शालीग्राम हुनु पर्‍यो। पुनः उनी वृक्षका रूपमा तुलसी पनि हुनपरेको थियो। वृन्दाको श्रापका कारण भगवान् तुलसीरूपमा प्रकट भई सर्वकल्याण गरेको कथा पुराणमा पाइन्छ। तुलसीको वनलाई वृन्दावन भनिन्छ। एकादशी महिमाको चर्चा पद्म पुराणको १४ अध्यायमा पनि गरिएको छ।

पापी पुरुषले एकादशीकको व्रत धारण लिई धर्म आर्जन गरी मोक्ष प्राप्त गरेको कथा उक्त पुराणमा वर्णन गरिएको छ। एकादशीको व्रत धारण गर्नाले सम्पूर्ण पाप नष्ट भई पूण्य प्राप्त हुने कुरा ब्रह्मवैवर्त पुराणले पनि बताएको छ। एकादशीका दिन साक्षात् पाप अन्नमा गई निवास गर्ने भएकाले यस दिन अन्न नलिनु भनिएको हो। यसदिन अन्न खानाले पापवृत्ति बढ्ने कुरा शास्त्रमा बताइएको छ। त्यसैले कन्दमूल आदि फलाहार गर्ने चलन रहिआएको छ। व्रत रहनु आफूमै स्वच्छ पवित्रताको वरण गर्नु हो। आजको विज्ञानले पनि व्रतलाई आवश्यक ठानेको छ। वैदिक संस्कृति र सभ्यतामा व्रतलाई एक यज्ञको संज्ञा दिइएको छ।

व्रत पनि एकप्रकारको यज्ञ नै हो। यसैले विशेष तिथि पर्वमा व्रत धारण गर्ने परम्परा रहिआएको छ। यस्तै व्रत धारण गर्ने उपयुक्त दिन एकादशी पनि हो। व्रत रहनाले समस्त मनोकांक्षा पूर्ण हुने धार्मिक मान्यता रहीआएको छ। हरेक १५ दिनमा एउटा एकादशी पर्ने गर्दछ। हाम्रो समाजमा एकादशीको व्रत बस्ने चलन छ। जसको धार्मिक एवम् वैज्ञानिक कारण पनि रहेको पाइन्छ। चान्द्रमास अनुसार महिनामा दुईवटा शुक्ल र कृष्ण एकादशी पर्ने गर्दछन्। लाग्दो तिथि छोड्दो व्रत भन्ने चलन नै रहेको छ। अर्थात् तिथि श्राद्ध गर्दा तिथि लागेपछि गर्नुपर्छ भने व्रत धारण गर्दा छोड्दो तिथिलाई लिनुपर्छ भन्ने शास्त्रीय मान्यता रहेको छ।



अर्थात् द्वादशी लाग्ने एकादशीको व्रत बस्नु उत्तम हुने शास्त्रीय प्रमाण पाइन्छ। एकादशीका दिन ॐ नमो भगवते वासुदेवाय मन्त्र जप गर्नाले पनि उत्तम गति प्राप्त हुन्छ। एकादशीको दिन तुलसीको विवाह र भोलिपल्ट अर्थात् द्वादशीका दिन हवन गरी नयाँ अन्न चढाउने गरिन्छ। पूर्णिमासम्म तुलसीको हवन गर्नलाई साइत हेरिरहनु पर्दैन। सो पश्चात् भने जुराएर उपयुक्त दिनमा तुलसीको हवन गर्न सकिन्छ। व्रत शारीरिक, मानसिक एवम् आध्यात्मिक तिनै दृष्टिले उपयुक्त मानिन्छ। महिनामा दुई दिन व्रत धारण गर्नाले मानसिक शुद्धिका साथै शारीरिक शुद्धी समेत हुने गर्दछ।

आजको विज्ञानले समेत व्रतको पवित्र उद्देश्यलाई स्वीकारेको छ। एक उपचार पद्धतिको रूपमा व्रतलाई प्रयोग समेत गर्दै आएको पाइन्छ। पारलौकिक सत्य नमान्नेका लागि पनि व्रत उपचारको एक माध्यम हुन सक्छ। पाश्चात्य समाजमा पनि यही व्रतको प्रभाव स्वरूप फास्टिङ बस्ने चलन रहेको पाउन सकिन्छ। पेटमा भएका विकारलाई शुद्ध गर्ने एक प्रविधि पनि व्रत हो। यसमा शारीरिक एवम् मानसिक पवित्रताको आवश्यक हुन्छ। सोही कारणले उक्त दिन फलाहार गरेर पनि व्रत वस्ने चलन रहिआएको छ। निराहार व्रत वस्ने चलन पनि रहेको छ।

शरीरको अनुकूलता अनुसार सात्विक आहार लिएर पनि व्रत धारण गर्न सकिन्छ। व्रतको उद्देश्य पवित्र हुनु हो। मनमा पवित्र भावनाको जागृत गराउनु हो। व्रत धारण गरेर पनि मनमा पवित्रता हुन सकेन भने सोको उचित फल प्राप्त हुन सक्दैन। व्रत कसरी गर्ने, कुन व्रतका के नियम छन् भनने कुरा व्रतराज भन्ने पुस्तकमा प्राप्त गर्न सकन्छि। हरेक व्रतका आ-आफ्नै विधि विधान रहेका छन्। फल अनुसार व्रत उपासना गर्ने विधि पनि भिन्न हुने गर्दछन्। व्रत आफैँमा राम्रो कुरा हो। स्वास्थ्यका दृष्टिले व्रत उपासना गर्नु उचित मानिन्छ।

शरीर अस्वस्थ रहेको बेलामा व्रत धारण गर्नु नै पर्छ भन्ने कुनै बाध्यता छैन। पवित्रता व्रतको मूल उद्देश्य हो। व्रतले चित्तको विकारलाई बदलेर नवीन एवम् सकारात्मक भावनाको जागृत गराउछ। शरीरको अवस्था हेरेर मिताहारी व्रत धारण गर्न पनि सकिन्छ। शुद्ध पवित्र आचरणमा रहन सकेनौं भने व्रत निष्प्रभावी हुन्छ। व्रत आफैँका लागि बस्ने हो। चित्तवृत्तिलाई सकारात्मक बाटोतर्फ लैजाने कार्य व्रतले गर्दछ। सात्विक भाव र विचारको प्रवाह गरेर मनमा नवीन ऊर्जा प्रवाहित गर्न सक्नु व्रतको उपलब्धी हुन्छ।

व्रतधारणसँगै आत्मबोध पनि हुनु आवश्यक छ। यो आत्मबोध गराउने माध्यम पनि हो। आत्मिक भाव जागृतिका निम्ति व्रत उपासना आवश्यक हुन्छ। यस्तै मध्ये भगवान् विष्णुको उपासना गर्ने पद्धति विशेष नै एकादशीको व्रत हो। जसको धारण गर्नाले इह एवम् पारलौकिक सुख मिल्ने गर्दछ। त्यसैले एकादशी व्रत पनि मानवलाई सकारात्मक मार्गतर्फ डोहोर्‍याउने एक माध्यम हो। जसको धारण गर्नु सबैका निम्ति कल्याणकारी हुने देखिन्छ।

*(निरौला ज्योतिषाचार्य तथा वास्तुविद् हुन्।)*



**प्रयोगमा नआउँदै भत्किएको पर्खाल:** निर्माण सम्पन्न गरेर प्रयोगमा नआउँदै भत्किएको हलेसी तुवाचुङ नगरपालिका–१० अर्खौले बजारमा लाग्ने सोमबारे हटियाको फलामे ट्रससहितको पर्खाल । नगरपालिको रु. ४६ लाख ४४ हजार ६८६ लागतमा अर्खौले कृषि मार्केट आयोजना अन्तर्गत १८ वटा ट्रसको पर्खाल निर्माण गरिएको हो । **तस्वीर : केदार मगर/रासस**

# मेची-काली साइकल यात्रामा स्वेता

**भद्रपुर, मंसीर १०। ।** भद्रपुर नगरपालिका-६ निवासी २५ बर्षीया स्वेता श्रेष्ठ मेची-महाकाली एकल साइकल यात्रामा निस्किएकी छिन् ।

अन्तर्राष्ट्रिय महिला हिंसा अन्त्य दिवस, लैङ्गिक हिंसा अन्त्यको प्रतिबद्धता, व्यक्ति , समाज र सबैको ऐक्यबद्धतासहित ‘लैङ्गिक हिंसा हटाउन एकजुट हौं), कोभिड-१९ को अवस्थामा सजगता अपनाऔँ’ भन्ने नारा लिएर उनी एकल साइकल यात्रामा निस्किएकी हुन् ।

यसैबीच एक कार्यक्रमकाबीच बुधबार साइकलयात्री श्रेष्ठलाई भद्रपुरस्थित मेची पुलबाट बिदाइ गरिएको छ । साइकलयात्री श्रेष्ठलाई भद्रपुर नगरपालिकाका मेयर जीवनकुमार श्रेष्ठ, उपमेयर चन्द्रामाया श्रेष्ठ, नेकपाका नगर अध्यक्ष शिवकुमार राजभण्डारी, नेपाली कांग्रेसका क्षेत्रीय सभापति गणेश पोखरेल लगायतले सफल साइकल यात्राको



शुभकामना दिँदै बिदाइ गरेका थिए । उनले २२ दिनमा यात्रा पूरा गर्ने बताएकी छिन् । देश र समाजका लागि महिलाले पनि केही गर्न सक्छिन् भन्दै उनले भनिन्- ‘साइकल यात्राको मुख्य सन्देश नै समाज देखिएका लैङ्गिक हिंसा हटाउन हामी एकजुट हुनुपर्छ र कोभिड महामारीबाट बच्न सबैले स्वास्थ्य मापदण्ड अपनाएर सजगता अपनाउनुपर्छ ।’

## भारतद्वारा ४३ वटा मोबाइल एप्स प्रतिबन्धित

**भारत, मंसीर १०।** भारतले ४३ वटा मोबाइल एप्सलाई प्रतिबन्धित गरेको छ । प्रतिबन्धित एप्सहरुमा सीमा विवाद जारी रहेका चीनका एप्सहरु पनि रहेका छन् ।

भारतीय सूचना प्रविधि मन्त्रालयले प्रतिबन्धित एप्सहरुले भारतको सार्वभौमसत्ता र अक्षुण्णतालाई चुनौति दिएको जनाएको छ । प्रतिबन्धित एप्सहरुमा चीनको बहुराष्ट्रिय कम्पनी अलिबाबा ग्रुपसँग सम्बन्धित चारवटा एप्सहरु रहेका छन् ।

भारतले केही महिनाअघि लोकप्रिय भिडियो सेयरिङ एप टिकटक र मोबाइल खेल पब्जी समेतका चिनियाँ स्वामित्वमा रहेका केही मोबाइल एप्सहरुमाथि प्रतिबन्ध लगाएको थियो । भारत सरकारले चिनियाँ मोबाइल एप्सहरुले भारतीय प्रयोगकर्ताका गोप्य विवरणहरु संकलन गरी चीन पु-याएको आरोप लगाएको थियो ।

चीन र भारतबीच सीमावर्ती लद्धाखका विषयलाई लिएर महिनौंदेखि विवाद छ । तर सैनिक र कुटनीतिक तहमा सीमा विवादका विषयमा वार्ताहरु भइरहे पनि तनाव जारी छ । यी वार्तामा अघि सारिएका विषयका बारेमा विवरण सार्वजनिक भइरहेको छैन ।

भारतको एप्स प्रतिबन्धलाई लिएर भारतीय सत्तारुढ दलले स्वागत गरेको छ । भारतमा हाल चिनियाँ मोबाइल एप्सहरु तीब्र गतिमा विस्तार र लोकप्रिय भइरहेका छन् । कतिपय चिनियाँ कम्पनीहरुले भारतीय प्रयोगकर्ताका रुचीलाई समेटेर एप्सहरु निर्माण गरेका छन् ।

# उत्कृष्ट करदाता र कर्मचारी सम्मानित

**झापा, मंसीर १०।** आन्तरिक राजश्व कार्यालय भद्रपुरले आर्थिक वर्ष २०७६/०७७मा कार्यालयको कार्यक्षेत्र अन्तर्गत पर्ने चार जिल्लाहरु क्रमशः झापा, इलाम, पाँचथर र ताप्लेजुङ्ग रहेकोमा प्रत्यक जिल्लाबाट सबैभन्दा बढी आयकर बुझाउने चार जना करदातालाई सम्मान गरेको छ ।

आव ०७५/०७६को आय विवरणका आधारमा सबैभन्दा बढी आयकर तिर्नेमा झापा जिल्लाबाट समीट लघुवित्त वित्तीय संस्था लिमिटेड रहेको छ भने इलाम जिल्लाबाट फिक्कल उत्तम स्टोर रहेको छ भने पाँचथर जिल्लाको शिब गौरी सप्लायर्स र ताप्लेजुङको पाथीभरा हार्डवेयर सेन्टर रहेका छन् ।

त्यस्तै आन्तरिक राजश्व कार्यालय र यस अन्तरगतका करदाता सेवा कार्यालयहरुमा कार्यरत कर्मचारीहरू मध्ये आ.व. २०७६/०७७मा उत्कृष्ट कार्य सम्पादन गर्ने तीन जना कर्मचारीलाई पुरस्कृत गरिएको छ ।

यसरी पुरस्कृत हुनेहरुमा आन्तरिक राजश्व कार्यालय झापाका टा.ना.सु. प्रद्युम्न न्यौपाने,



करदाता सेवा कार्यालय फिदिमका कर अधिकृत किरण लिम्बू र करदाता सेवा कार्यालय इलामका डाटा इन्ट्री सुपरभाइजर सोनाम वाङ्गदेल बर्फोङ रहेका छन् ।

आन्तरिक राजश्व कार्यालय भद्रपुरले यही मंसीर १ देखि ७ गतेसम्म ९औं राष्ट्रिय कर दिवस एवम् कर सप्ताह मनाएको छ ।

यस वर्ष ‘स्वच्छ, पारदर्शी र प्रविधिमैत्री कर प्रशासनः विकास, समृद्धि र सुशासन’ भन्ने मूल नाराका साथ सप्ताहव्यापी कार्यक्रमहरू गरेको आन्तरिक राजश्व कार्यालय भद्रपुरका युवराज श्रेष्ठले जानकारी दिए ।

यस वर्ष कोभिड(१९ को महामारीका कारणले कार्यक्रम नभए पनि सप्ताहब्यापी कार्यक्रम घोषणा गरी राष्ट्रिय कर सप्ताहको पहिलो सेवाग्राही अर्जुनधारा-३ झापा निवासी रामप्रसाद घिमिरेलाई सम्मान गरी राष्ट्रिय कर दिवस एवम् कर सप्ताह कार्यक्रमको शुभारम्भ गरिएको उनले बताए ।

योसंगै विभिन्न क्षेत्रका करदाताहरुसंग अनलाइन अन्तरक्रिया कार्यक्रम, कार्यालय सरसफाई कार्यक्रम साथै पत्रपत्रिकामा कर सम्बन्धी सचेतनामूलक सामग्रीको प्रचारप्रसार लगायतका कार्यक्रम गरी राष्ट्रिय कर दिवस एवम् कर सप्ताह मनाएको छ ।

## २४५५ जनाले गरे राष्ट्रिय परिचय-पत्र दर्ता

**दुर्गापुर, मंसीर १०।** कनकाई-७मा राष्ट्रिय परिचय-पत्र दर्ता कार्यक्रम सम्पन्न भएको छ ।

गत भदौ ४ गते कनकाई नगरपालिकाका प्रमुख राजेन्द्रकुमार पोखरेलले उद्घाटन गरेको सो दर्ता अभियान यस वडामा ५४ दिनसम्म सञ्चालन भएको थियो । कोरोना महामारीको कारण करिब महिनादिनसम्म स्थगन भई सुचारु भएको उक्त अभियानमा यस वडाका दुई हजार चार सय ५५ जनाले राष्ट्रिय परिचय-पत्रको लागि आफ्नो विवरण दर्ता गराएका थिए ।

समापन कार्यक्रममा वडाध्यक्ष लीलाबहादुर कन्दङ्वाले दर्ता अभियानका रुजु अधिकारी अमृत योङहाङ, अपरेटरद्वय सरोज लम्साल र कल्पना कटुवाल, कर्मचारी मनोजकुमार थापालाई सम्मानसहित विदाई गरेका थिए । कार्यक्रममा वडा सदस्य गीता चौहान, कृष्ण श्रेष्ठ, अनिरुद्र चापागाँईको सहभागिता रहेको थियो भने कार्यक्रम वडा सदस्य प्रकाश शिवाकोटीले सञ्चालन गरेका थिए ।

## आफ्नै श्रीमतीलाई जबरजस्ती गरेपछि..

**झापा, मंसीर १०।** आफ्नै श्रीमतीलाई जबरजस्ती करणी गरेको अभियोगमा बाँसगढी नगरपालिका-९ माछागढ बस्ने ४४ वर्षीय पुरुषलाई प्रहरीले पक्राउ गरेको छ ।

ती पुरुषले ४१ वर्षीया श्रीमतीलाई कुटपिट समेत गरी जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय मोतिपुरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।


### Vacancy Announcement

**Saptakoshi Development Bank Ltd.,** having its working area at **Province no. 1** invites application from the experienced and result oriented Nepalese candidates to fill in the following position.

**1. Position: Gold Tester – Few.** (Assistant Level)
- Minimum plus 2/proficiency Certificate Level from a recognized University along with 2 years of work experience in gold testing. Priority will be given to the candidate working as a gold tester in bank or financial institution.

Age bar not exceeding 35 Years. Interested candidates who fulfill above requirements for the position are invited to send their details and updated CV and application letter within 10 days at the given address. Only short-listed candidates meeting above criteria shall be contacted for selection process.

**For any Query, contact : 9802760040.**
**To Apply:**
**Email: vacancy.v99@gmail.com**

### ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३

### साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।




सम्पर्क: ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

### घडेरी बिक्रीमा

झापाको बिर्तामोडबाट ३.८ कि.मी. को दूरीमा लक्ष्मीपुरबाट उत्तर पान्डापुरका घडेरीहरु उचित मूल्यमा बिक्रीमा छ ।

मो. ९८४१३२८७९८, ९८१८९४०३१३, ९८४२७५६१००

### सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्रर्बो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

‘चट् फोट झट् सेवा’




सम्पर्क: ०२३–५५०६२०
९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४

### हाडजोर्नी तथा नसाका बिरामीहरूलाई सुवर्ण अवसर
### काठमाडौंका विशेषज्ञ बिर्तामोडमा

स्पार्क अस्पताल काठमाण्डौ तथा काठमाण्डौ न्यूरो अस्पतालका बरिष्ठ डाक्टर अनिलकुमार महतो यही मंसीर ७गते आइतबार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोडमा आउँदै हुनुहन्छ । आफ्नो समस्याजााच गराई मौकाको फाइदालिनुहोस् ।

**जाँच हुने समस्याहरु**
- ढाड, कम्मर, गर्दन, घुँडा, जोर्नीहरु दुख्ने, नसाच्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको
- शरीर झम्झमाउने, लाटो हुने, कुमजाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको

**समय : विहान ८:०० देखि ३:०० बजे**

सम्पर्क : **स्पार्क पूर्वाञ्चल अस्पताल**
कन्काई रोड, बिर्तामोड (टेलिकम पूर्व) (फोन : ०२३–५४०१२३, : ९८५२६७५०३३

### बिना अपरेशन सफल उपचार

दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा सफल उपचार ।

**उपचार हुने समस्याहरु :**
- कम्मर, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, शरीर झम्झमाउने
- थाइराइड, कोलेस्ट्रोल, ग्याष्ट्रिक, कब्जियत
- पायल्स, फिसर, फिस्टुला, पिनास, सुगर, प्रेसर
- खोकी, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, एलर्जी, डण्डीफोर
- महिला तथा पुरुषका गुप्त रोगहरु, माइग्रेन, अनिद्रा, प्रोस्टेट
- बाथ युरिक एसिड, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको आदि ।



**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर**
(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा
फोन न ०२३–५४१४६६/९८०६०००३१३/९८४२७१६५८८

### क्याबिन बिक्रीमा

बिर्तामोडस्थित अञ्जली हस्पिटल परिसरभित्र अति चालू अवस्थामा रहेको क्यान्टिन बिक्रीमा छ । इच्छुकले तु-सम्पर्क गर्नुहोला ।
मो. ९८०७९१३०५५

### टाटा सुमो गाडी भाडामा चाहिएमा

बिर्तामोडदेखि पशुपतिनगर र पशुपतिनगरबाट बिर्तामोड दैनिक यात्रा साथै रिजर्भका लागि १० सिट भएको टाटा सुमो गाडी चाहिएमा सम्पर्क गर्नुहोला ।
मो. ९८१५९५२४९९/९८४१३२१४६४

### तु-घर भाडामा चाहियो

यस बिर्तामोड आसपासमा कम्पाउण्ड बालसहितको ८ देखि १० वटा कोठा भएको घर भाडामा तु-चाहियो ।
सम्पर्क: ९८६९७२९१०६

### डा. रवि शाही
MBBS, MD. DM
शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र, काठमाडौं
**बरिष्ठ मुटु रोग विशेषज्ञ**

के तपाई मुटु सम्बन्धी कुनै पनि समस्या हुनुहन्छ ? या उच्च रक्तचापको समस्यामा हुनुहन्छ ? यदि हुनुहन्छ भने मुटु रोगमा DM (Cardiologist) गर्नु भएका बरिष्ठ विशेषज्ञ डा. रवि शाही हरेक महिनाको तेस्रो शनिवार गंगालाल राष्ट्रिय हृदय केन्द्र, काठमाडौंबाट प्रदीप फार्मेसी, भद्रपुररोडमा आउँदै हुनहुन्छ । समयमा नै सम्पर्क गरी ढुक्क बन्नुहोस् ।

सम्पर्क: **प्रदीप फार्मेसी**
भद्रपुररोड, बिर्तामोड, झापा
फोन नं. ०२३–५४३७९५,
मो. ९८५२६७७८२३, ९८०२६७७८२६

### कर्मचारी आवश्यकता

यस शुभसाईत बचत तथा ऋण सहकारी संस्था लि. भद्रपुर–१०, झापाका लागि मेहनती, इमान्दार तथा अनुभवि कर्मचारी आवश्यकता परेको हुँदा योग्यता पुगेका तथा इच्छुक व्यक्तिहरुले सम्पर्क गर्नुहोला ।

| | |
|---|---|
| पद : बजार प्रतिनिधि | पद : ग्राहक सेवा (Customers Service ) |
| संख्या : २ जना | संख्या : १ जना |
| योग्यता : SLC पास | योग्यता : +२ पास |
| तलब : संस्थाको नियमानुसार/आपसी समझदारीमा । | तलब : संस्थाको नियमानुसार/आपसी समझदारीमा । |
| निवेदन शुल्क : ३००/- | निवेदन शुल्क : ५००/- |

**आवश्यक कागजपत्र :** शैक्षिक प्रमाणपत्रको प्रतिलिपि, नेपाली नागरिकताको प्रतिलिपि, अनुभवको प्रमाणपत्र, पासपोर्ट साइजको २ प्रति फोटो, हस्तलिखित निवेदन ।
**निवेदन दिने अन्तिम मिति :** २०७७ मंसीर १४ गते ।
*नोटः- सहकारी क्षेत्रमा काम गरेकालाई विशेष प्राथमिकता दिइने छ ।*

सम्पर्क: **शुभसाईत बचत तथा ऋण सहकारी संस्था लि.**
भद्रपुर– १० झापा (फोन नं. ०२३–४५५६३९, ९८०१४५६०८९, ९८०२३१३३३५)

### फ्ल्याट बिक्रीमा

बिर्तामोडको भद्रपुररोड अन्नपूर्ण चोकमा रहेको स्वराज ट्याक्टर शोरुम रहेको घरको पहिलो तला शैक्षिक परामर्श कम्पनी, माइक्रो फाइनान्स, विकास बैंक, इन्स्योरेन्स, सहकारी संस्था लगायत अन्य संघ-संस्थाको लागि उपयुक्त हुने किसिमको फ्याट बिक्रीमा रहेको हुँदा लिन चाहने इच्छुकले तु-सम्पर्क गर्नुहोला ।
सम्पर्क: ०२३–५४५९८५
मो.९८१५००६९९०, ९८४१९३३८५९

### टाटा सुमो गाडी भाडामा चाहिएमा

बिर्तामोडदेखि पशुपतिनगर र पशुपतिनगरबाट बिर्तामोड दैनिक यात्रा साथै रिजर्भका लागि १० सिट भएको टाटा सुमो गाडी चाहिएमा सम्पर्क गर्नुहोला ।
मो. ९८१५९५२४९९/९८४१३२१४६४

### गमला चाहिएमा

घर कम्पाउण्डमा फूल रोप्न, बगैंचा सजाउन साथै सागसब्जी कौशीखेतीका लागि अति उपयोगी कंक्रिटका शानदार गमला सुपथ मूल्यमा चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस् । धेरै संख्यामा लिनेलाई डेलिभरीको पनि व्यवस्था छ ।



सम्पर्क: भूपाल कार्की
९८०१४०४०००
९८१६६४१५७३
अर्जुनधारा–५, विहीवारे बजार लक्ष्मीपुर




ज्यो. मधुसूदन रिजाल
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** काम थाल्न समय लागे पनि सम्भावना खोजी गर्ने समय छ । सानो प्रयत्नले समाजका लागि धेरै फाइदा हुने काम सम्पादन गर्न सकिनेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** आजको सानो प्रयत्नले भविष्यमा नाम, दाम र प्रतिष्ठा दिलाउन सक्छ । साथीभाइको सहयोगले हिम्मत दिलाउनेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** दिगो फाइदा हुने योजना कार्यान्वयन गर्न सकिनेछ । सामाजिक दायित्व बढ्नेछ । रोकिएका काममा दोहोऱ्याएर प्रयत्न गर्नुपर्ला ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** उपलब्धिका लागि केही समय प्रतिक्षा गर्नुपर्ला । कामको चाप बढ्नेछ भने शरीरमा कमजोरी अनुभूति हुनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** सोचेको उपलब्धि तत्काल नपाइएला। सहयोगको तत्परता देखाउनेहरू पछि हट्नेछन् । धोकेवाजबाट बच्नु होला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** शुभचिन्तक समेत प्रतिपक्षीको प्रभावमा आउन सक्छन् । आफ्ना सूचना बाहिरिने समय रहेकाले गोपनीयतामा ध्यान पुऱ्याउनुहोला ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** केही विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ने हुन सक्छ । माहोल रमाइलो रहनेछ, तर मनोरञ्जनमा अलमलिंदा लक्ष्यमा बाधा पुग्नेछ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** विशेष निम्तो प्राप्त हुनाले आतिथ्य खर्चिलो बन्नेछ । व्यावसायिक यात्राको योग छ । परिस्थिति अनुकूल रहको छ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** भौतिक सुविधाले खर्च निम्त्याउनेछ । रमाइलो क्षणमा पनि मन ढुक्क नहुन सक्छ । विवादबाट सजग रहनुहोला ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** प्रयत्न गर्दा आम्दानी बढाउने काम प्रारम्भ हुनेछ । प्रेम र मित्रताको बन्धन कसिनेछ । स्रोतसाधन जुट्नाले दिगो काम प्रारम्भ हुनेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** हिम्मत गर्दा जटिल काम समेत सजिलै सम्पादन हुन सक्छ । प्रतिस्पर्धामा उत्रनुपरे पनि बुद्धिको उपयोगले प्रतिष्ठा जोगाउन सफल भइनेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** इर्ष्या गर्नेहरूलाई पनि मेहनतको पाठ सिकाउनेछ । स्रोतसाधन जुट्नाले दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ ।